# आकाशवाणी समाचार- नेपाली

मितिः १३ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीले हिज साँझ राष्ट्रलाई सम्बोधन गर्नुभयो| उहाँले अपरेशन सिन्दूर अस्थायी रूपमा स्थगित गरिएको बताउनुभएको छ।

- केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज रायपुरमा राज्य सरकारले लागू गरेका केन्द्रीय योजनाहरूको समीक्षा गर्नुहुनेछ।

- हमासले गाजामा बन्धक बनाइएका अन्तिम जीवित अमेरिकी एडन अलेक्ज्याण्डरलाई रिहा गरेको छ।

- अपरेशन सिन्दूरको सफलता पछि, भारतीय जनता पार्टीले आजबाट देशभरि ११ दिवसीय तिरंगा यात्रा आयोजना गर्नेछ।

- भारतीय क्रिकेट कंट्रोल बोर्ड- **बीसीसीआई** ले इंडियन प्रीमियर लीग-आईपीएल 17 मई बाट पुनः सुरु हुने शुरू हुने घोषणा गरेको छ ।

## प्रधानमंत्री संबोधन

प्रधानमन्त्री नरेन्द्र मोदीले अपरेशन सिन्दूर अस्थायी रूपमा स्थगित गरिएको बताउनुभएको छ। उहाँले आगामी दिनहरूमा हामी पाकिस्तानको हरेक कदमलाई आतंकवादप्रति कस्तो दृष्टिकोण अपनाउँछ भन्ने आधारमा मापन गर्नेछौं भनि बताउनुभएको छ। हिजो भिडियो कन्फरेन्स मार्फत राष्ट्रलाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्रीले अपरेशन सिन्दूर सुरु भएदेखि पहिलो तीन दिनमा पाकिस्तानले अपेक्षा गरेभन्दा बढी विनाश भोगेको बताउनुभयो। भारतको यो आक्रामक कारबाहीपछि, पाकिस्तानले तनाव कम गर्ने उपायहरू खोज्न थाल्यो र बढ्दो तनावबाट राहत पाउन विश्वलाई अपील गरिरहेको थियो। प्रधानमन्त्रीले भानुभयो ठूलो क्षति बेहोरेपछि, १० मईमा, पाकिस्तानी सेनाले हाम्रो सैन्य अपरेशन महानिर्देशक - DGMO लाई सम्पर्क गर्यो। श्री मोदीले भन्नुभयो पाकिस्तानले भारत विरुद्ध कुनै पनि आतंकवादी गतिविधि वा सैन्य साहसिक कार्य नगर्ने आश्वासन दिएको छ। प्रधानमन्त्रीले यस कथनलाई ध्यानमा राख्दै, भारतले परिस्थितिको समीक्षा गऱ्यो र पाकिस्तानी आतंकवादी र सैन्य प्रतिष्ठानहरू विरुद्धको आफ्नो प्रति-कार्यलाई अस्थायी रूपमा स्थगित गर्ने निर्णय गऱ्यो भनि बताउनुभयो।प्रधानमन्त्री मोदीले अपरेशन सिन्दूर केवल एउटा नाम मात्र होइन, यो देशका करोडौं मानिसहरुको भावनाको प्रतिबिम्ब हो भनि बताउनुभयो। उहाँले अपरेशन सिन्दूरलाई न्यायको अटुट प्रतिज्ञाको रूपमा वर्णन गर्नुभयो।

प्रधानमन्त्रीले आतंकवाद विरुद्धको लडाईमा अपरेशन सिन्दूर भारतको स्थापित नीति भएको घोषणा गर्नुभएको छ। यसले भारतको रणनीतिक दृष्टिकोणमा निर्णायक परिवर्तनलाई प्रतिनिधित्व गर्दछ। उहाँले अपरेशन सिन्दूरले आतंकवाद विरुद्धको लडाईमा नयाँ मापदण्ड र नयाँ विधि स्थापित गरेको बताउनुभयो।

आफ्नो सम्बोधनमा, प्रधानमन्त्रीले भारतका तीन प्रमुख सुरक्षा स्तम्भहरूको उल्लेख गर्नुभयो, जसमध्ये पहिलो निर्णायक प्रतिशोध हो। उहाँले भारतमा आतंकवादी आक्रमण भयो भने उचित जवाफ दिइनेछ भनि बताउनुभयो। दोस्रो, भारतले कुनै पनि न्यूक्लियर ब्ल्याकमेल सहन गर्दैन किनभने भारत न्यूक्लियर खतराहरूसँग डराउँदैन। श्री मोदीले तेस्रो स्तम्भ भनेको भारतले आतंकवादका प्रायोजक र आतंककारीहरू बीच कुनै भेदभाव गर्ने छैन भनि बताउनुभयो, किनभने भारतले अब आतंकवादलाई प्रायोजन गर्ने सरकार र आतंकवादका मालिकहरूलाई छुट्टाछुट्टै संस्थाको रूपमा हेर्ने छैन।

श्री मोदीले भन्नुभयो अपरेशन सिन्दूरको क्रममा, जब पाकिस्तानी सेनाका शीर्ष अधिकारीहरू मारिएका आतंककारीहरूलाई बिदाई दिन गए, संसारले फेरि एक पटक पाकिस्तानको कुरूप सत्य देख्यो। उहाँले यो आतंकवादलाई प्रायोजन गर्ने देशको ठूलो प्रमाण हो भनि बताउनुभयो। प्रधानमन्त्रीले भारतले आफ्ना नागरिकहरूलाई कुनै पनि खतराबाट जोगाउन निर्णायक कदम चाल्न जारी राख्नेछ पनि बताउनुभयो।

प्रधानमन्त्रीले सबै प्रकारका आतंकवाद विरुद्धको लडाईमा एकता भारतको सबैभन्दा ठूलो शक्ति भएको बताउनुभयो। उहाँले यो युग युद्धको नभए पनि आतंकवादको युग पनि हुन सक्दैन भनि बताउनुभयो। उहाँले आतंकवाद विरुद्ध शून्य सहनशीलता नै राम्रो र सुरक्षित संसारको ग्यारेन्टी भएको कुरामा जोड दिनुभयो।
प्रधानमन्त्रीले आतंकवादलाई प्रवर्द्धन गरेकोमा पाकिस्तानी सेना र सरकारको आलोचना गर्नु हुदै चेतावनी दिनुभयो कि त्यस्ता कार्यहरूले अन्ततः पाकिस्तानको पतनलाई निम्त्याउनेछ। उहाँले भानुभयो यदि पाकिस्तानले आफ्नो अस्तित्व जोगाउन चाहन्छ भने उसले आफ्नो आतंकवादी पूर्वाधार ध्वस्त पार्नुपर्नेछ किनभने शान्ति बाहेक अर्को कुनै विकल्प छैन। उहाँले भारतको दृढ अडानलाई दोहोऱ्याएर भन्नुभयो, आतंक र वार्ता सँगै हुन् सक्दैनन्, आतंक र व्यापार सँगै हुन् सक्दैनन् र रगत र पानी पनि सँगै बग्न सक्दैनन्। श्री मोदीले विश्वलाई यो सन्देश पनि दिनुभयो कि पाकिस्तानसँगको कुनै पनि वार्ता केवल आतंकवादमा केन्द्रित हुनेछ र यदि पाकिस्तानसँग वार्ता गर्ने हो भने, वार्ता पाकिस्तान प्रशासित कश्मीर - पीओकेमा केन्द्रित हुनेछ।
प्रधानमन्त्रीले सशस्त्र बल, सेना, गुप्तचर एजेंसिहरु र वैज्ञानिकहरूलाई अभिवादन गर्नुभयो। उहाँले अपरेशनको क्रममा सशस्त्र बलको वीरता, शौर्य र साहस देशका हरेक आमा, दिदीबहिनी र छोरीलाई समर्पित गर्नुभयो।

पाकिस्तानमाथि आक्रमण गर्दै श्री मोदीले भन्नुभयो जहाँसुकै स्थानमा हुने सबै आतंकवादी घटनाहरू पाकिस्तानको बहावलपुर र मुरिदके जस्ता आतंकवादी लुक्ने ठाउँहरूसँग सम्बन्धित छन्। उहाँले भारतीय सेनालाई आतंककारीहरूलाई माटोमा मिलाउन स्वतन्त्र छुट दिइएको बताउनुहुदै आज हरेक आतंककारी, हरेक आतंकवादी समूहलाई थाहा छ कि हाम्रा दिदीबहिनी र छोरीहरूको मर्यादा र सम्मानलाई हानि पुऱ्याउँदा के परिणाम हुनेछ भनि बताउनुभयो।

## हमास-अमरीकी बंधक रिहाई

हमासले गाजामा बन्धक बनाइएका अन्तिम जीवित अमेरिकी एडन अलेक्ज्याण्डरलाई रिहा गरेको छ। इजरायली सेनाले हिज साँझ यो कुराको पुष्टि गरेको छ। २१ वर्षीय अलेक्ज्याण्डर एक इजरायली-अमेरिकी नागरिक हुन् जसलाई ७ अक्टोबर, २०२३ मा इजरायलमा हमासको नेतृत्वमा भएको आक्रमणको क्रममा बन्धक बनाइएको थियो। अलेक्ज्याण्डर गाजा सीमा नजिकै इजरायली पैदल सेनाको एकाइमा सेवा गरिरहेका थिए।
हमासले यस साता अरब खाडी देशहरूको भ्रमणमा रहेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पप्रति सद्भावनाको संकेतस्वरूप अलेक्ज्याण्डरलाई रिहा गरेको बताएको छ।

## भाजपा- तिरंगा यात्रा

अपरेशन सिन्दूरको सफलता पछि, भारतीय जनता पार्टीले आजबाट देशभरि ११ दिवसीय तिरंगा यात्रा आयोजना गर्नेछ। यस अवधिमा मानिसहरूलाई प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको बलियो नेतृत्व र सशस्त्र बलको वीरताको बारेमा बताइनेछ। २३ मई सम्म जारी रहने यस यात्रामा समाजका प्रतिष्ठित सदस्यहरू, पूर्व सैनिकहरू र सामाजिक कार्यकर्ताहरू पनि सहभागी हुनेछन्। पार्टी स्रोतहरूले यो अभियान पूर्णतया राजनीतिक प्रकृतिको नहुने र समाजका सबै वर्गको समर्थन भएको मुद्दामा मानिसहरूलाई एकताबद्ध गर्न चाहेको बताएका छन्।

## आईपीएल

भारतीय क्रिकेट कंट्रोल बोर्ड- **बीसीसीआई** ले इंडियन प्रीमियर लीग-आईपीएल 17 मई बाट पुनः सुरु हुने शुरू हुने घोषणा

गरेको छ। भारतले ऑपरेशन सिंदूर शुरू गरे पछि आईपीएल 2025 लाई 9 मई को दिन देखि एक साताको लागि स्थगित गरिएको थियो।

17 मईको दिन बेंगलुरुको एम. चिन्नास्वामी स्टेडियममा रॉयल चैलेंजर्स बेंगलुरुले कोलकाता नाइट राइडर्सको सामना गर्नेछ। मोहाली अनि धर्मशालामा आईपीएल 2025 को कुनै पनि मैच खेलिने छैन। पहिले अहमदाबादमा खेलिने तय भएको पञ्जाब किंग्स अनि मुम्बई इन्डियन्स बीचको म्याच अब २६ मईमा जयपुरमा खेलिनेछ।
आईपीएलको फाइनल अब ३ जुन मा हुनेछ भने प्लेअफका खेलहरू २९ मई बाट खेलाइनेछ। प्लेअफका खेलहरू कहाँ खेलिने भनेर पछि घोषणा गरिनेछ। प्लेअफका म्याचहरु २९ मई बाट पहिलो क्वालिफायरबाट सुरु हुनेछन्, त्यसपछि भोलिपल्ट एलिमिनेटर हुनेछ। दोस्रो क्वालीफायर म्याच १ जुनमा हुनेछ।

**विदेश मंत्रालय - भारत अमरीका व्यापार**

भारतले अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रंप को यस दाबीको खंडन गरेको जसमा उहाँले भारत अनि पाकिस्तान बीच धेरै व्यापार गर्ने भन्दै संघर्षलाई रोकेका थिए। विदेश मन्त्रालयका स्रोतहरूले ९ मई मा अमेरिकी उपराष्ट्रपति जे.डी. वेंस र प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको वार्तामा व्यापारको कुनै उल्लेख नभएको बताएको छ। स्रोतहरूले अपरेशन सिन्दूर सुरु भएपछि, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पनि ८ अनि १० मईमा विदेशमन्त्री डा. एस. जयशंकर र १० मई मा राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग कुरा गरेका थिए, तर यी वार्ताहरूमा पनि व्यापारको कुनै सन्दर्भ थिएन।

****** ० ******